बैठक संख्याः २०८१।०८२ – ०५

## बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः- वि. स. २०८१ साल मंसिर १७ गते सोमबार

समय ११:०० बजे देखि सुरु ।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

स्थानः गाउँपालिका सभाहल तनहुँ ।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारी | | |
| १५ | धुवराज सापकोटे | | | |
| १६ | अविनाश ढकाल | | | |
| १७ | | | | |
| | | | | |

उपस्थित पदाधिकारीहरुको विवरणः

**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिका**

कार्यपालिका बैठक संख्या :- २०८१/०८२/०५ मिति : २०८१/०८/१७

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) सडक बोर्डको योजना सम्बन्धमा ।

२) राष्ट्रपति रनिङ शिल्डको बाँकी रकम भुक्तानी सम्बन्धमा ।

३) आ.व.०८२/०८३ को लागि समपुरक र विशेष अनुदान योजना माग सम्बन्धमा ।

४) कालीगण्डकीको ढुङ्गा गिट्टी बालुवा निकासिका लागि IEE सम्बन्धमा ।

५) आर्थिक सहायता सम्बन्धमा ।

६) राष्ट्रपति रनिङ्ग सिल्ड खेल संचालन सम्बन्धमा ।

७) वडा कार्यालयमा फर्निचर खरिद गर्नका लागि रकम थप गर्ने सम्बन्धा ।

८) हिउँदे गाउँसभा संचालनको मिति सम्बन्धमा ।

९) मेडपाको कार्यक्रम संचालन सम्बन्धमा ।

१०) अपाङ्ग दिवस मनाउने सम्बन्धमा ।

११) माटो परिक्षण सम्बन्धमा ।

१२) मैदि खोला घाट सम्बन्धमा ।

१३) ध्याछाप पुट्टार मोटर मार्ग विस्तार सम्बन्धमा ।

१४) काठेकोट अत्रौली मोटर मार्ग कसिङ्गडेनिज सम्बन्धमा ।

१५) भ्कोलुङ्गे पुल माग सम्बन्धमा ।

१६) विविध ।

होम बहादुर थापा
अध्यक्ष

निर्णयहरु,

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय १ प्रस्ताव नं. १ माथि छलफल गर्दा सडक बोर्डबाट प्राप्त हुने रु १४,०००००।०० अक्षरुपी चौध लाख र पालिकाबाट थप गर्नु पर्ने उक्त बजेटको २० प्रतिशत रु. २ लाख ८० हजार गरि जम्मा रु १६,८०,०००।०० अक्षरुपी सोह्र लाख असी हजारबाट  झुरा खोला कल्भट निर्माण खर्च भै बाँकी रकम गाउँपालिका भवन गेट नजिकको उकालो बाटोमा ढलानको काममा विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय २) प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व.मा संचालन भएको राष्ट्पति रनिङ शिल्डको बाँकी रकम आर्थिक सहायता शिर्षकबाट  तपसिल अनुसार भुक्तानी दिने निर्णय गरियो ।

तपसिल,

| क्र.सं. | विद्यालयको नाम | रकम | कै. |
|---|---|---|---|
| १ | श्री कृष्ण माध्यामिक विद्यालय | १0,000.00 | |
| २ | श्री चन्द्रज्योती  माध्यामिक विद्यालय | १0,000.00 | |
| ३ | श्री सरस्वती माध्यामिक विद्यालय | १0,000.00 | |
| ४ | श्री कामधेनु माध्यामिक विद्यालय | १0,000.00 | |
| ५ | श्री राष्ट्रिय माध्यामिक विद्यालय | १0,000.00 | |
| ६ | श्री महेन्द्र ज्योति माध्यामिक विद्यालय | १0,000.00 | |
| ७ | श्री दिपक माध्यामिक विद्यालय | १0,000.00 | |
| ८ | शैक्षिक सत्र २०७९ को बालुवा तथा खाना खाजाको खर्च | २३२३0.00 | |
| ९ | शैक्षिक सत्र २०८० को खाना खाजाको खर्च | २४,000.00 | |
| जम्मा | अक्षरुपी एक लाख सत्र हजार दुई सय तीस रुपया मात्र | १,१७,२३0.00 | |

निर्णय ३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व.०८२/०८३ मा केन्द्र र प्रदेश सरकारमा  पठाउनु पर्ने समपुरक र विशेष अनुदान योजनाहरु सबै वडा कार्यालयको बैठकबाट निर्णय गरी आउने कार्यपालिका बैठकमा ल्याउने भन्ने निर्णय गरियो ।

निर्णय ४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा कालीगण्डकीको ढुङ्गा गिट्टी बालुवा निकासिका लागि रकम व्यवस्थापन गरी IEE को काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय ५) प्रस्ताव नं.५ माथि छलफल गर्दा तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

तपसिल,

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| | | | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर थापा
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरीढाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय १२) प्रस्ताव नं.१२ माथि छलफल गर्दा मैदि खोला घाटको उत्खननका लागि जम्मा रु ३ लाख ५० हजार मात्र मुल्य तोकी ठेकेदार मार्फत रकम जम्मा गरी उत्खनन प्रक्रिया अगाडी बढाउने भन्ने निर्णय गरियो ।

निर्णय १३) प्रस्ताव नं.१३ माथि छलफल गर्दा ध्याछाप पुट्टार मोटर मार्ग विस्तार गर्ने क्रममा ध्याछाप घुम्तीमा रहेको गोठ हटाउनका लागि सहजीकरण तथा खर्च बापतको न्यूनतम मुल्य पालिकाबाट भैपरी शिर्षकबाट खर्च हुने गरी निर्माणको काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय १४) प्रस्ताव नं.१४ माथि छलफल गर्दा काठेकोट अत्रौली मोटर मार्गमा पर्ने कसिङ्डेनिजको काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय १५) प्रस्ताव नं.१५ माथि छलफल गर्दा तपसिल अनुसार आवश्यकता अनुसार झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

तपसिल,

| क्र.सं. | स्थान | सिमाना | कै. |
|---|---|---|---|
| १ | तिरन्दी खोला | घिरिङ गा.पा.वडा नं.४ | |
| २ | चिरौदी फेदी खोला | घिरिङ गा.पा.वडा नं.२ र भिमाद -१ | |
| ३ | अलैचे खोला खोभान | भिमाद न.पा. र घिरिङ गा.पा.वडा नं.३ जोड्ने | |
| ४ | थकलाङ्दी खोला | अर्चमबास र उवाथोक जोड्ने | |
| ५ | वन्टाङ्ग खोला | भिमाद न.पा. र घिरिङ गा.पा.वडा नं.५ जोड्ने | |
| ६ | नोहा खोला | रिसिङ्ग गा.पा. र घिरिङ गा.पा.वडा नं.५ जोड्ने | |

निर्णय १६) प्रस्ताव नं.१६ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- धुलिखेल अस्पताल र घिरिङ गाउँपालिकाको आयोजनामा मिति २०८१ साल कार्तिक २९ गतेदेखि ऐ मंसिर ३ गतेसम्म संचालन भएको दन्त शिविरको लागि स्वास्थ्य शिविर संचालन शिर्षकमा रहेको रकमबाट खर्च हुने गरी रु १ लाख खर्च भुक्तानी दिने निर्णय गरियो ।
- चालु आ.व.को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ साल मंसिर २४ गतेका दिन संचालन गर्ने निर्णय गरियो ।
- यसै पालिका वडा नं.१ मा रहेको कृषि उपज संकलन केन्द्र निर्माणको बाँकी खर्च रकम रु. ३०,०००।०० अक्षरुपी तीस हजार रुपया मात्र विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- कृषि विकास शाखाको संघिय सशर्त अनुदान कार्यक्रम अर्न्तगत आ.व.२०८१।०८२ मा नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम संचालनका लागि सुचना प्रकाशन गरिएकोमा च्याँचुल कृषक समूह र उवाथोक कृषक समूहबाट मात्र कार्यक्रम संचालन गर्न भनि निवेदन प्राप्त भएकोमा

कृष्ण प्रसाद टकाल
प्रमुख प्रशासकीय अधिकृत

ढोल बहादुर ..
अध्यक्ष

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, तनहुँ, नेपाल

प्राविधिक समितिको बैठकले मुल्याङ्कन गरी सिफारिस भै आएका उक्त दुवै समूहलाई कार्यक्रम संचालन गर्न दिने निर्णय गरियो ।

- गरुङ्ग विद्यार्थी राष्ट्रिय संमेलन २०८१ मने लनगि रु.१०,०००।०० (अक्षरुपी दश हजार ) मात्र आर्थिक सहायता दिने निर्णय गरियो ।
- चिन्नेखोला झोलुङ्ग पुलको लागत साझेदारी भुक्तानी रकम जुकिरी इन्डष्ट्रिज प्रा.लि.लाई भुक्तानी दिन मपुग रकम रु.१,२८,७४१।०० (अक्षरुपी एक लाख अठठाइस हजार सात सय एकचालिस रुपया) मात्र विविध शिर्षकबाट रकमान्तर गरि दिने निर्णय गरियो ।
- श्रद्धान्जली - वडा नं.२ का वडा अध्यक्ष श्री नर बहादुर थापाको जिवन संगिनी श्री देउ कुमारी थापाको मिति २०८१/०८/०१ गते र वडा नं.३ का वडा अध्यक्ष श्री तहल सिंह थापाको पिता श्री टेक बहादुर थापाको मिति २०८१/०८/०४ मा भएको असामयिक निधनले घिरिङ गाउँपालिकाको कार्यपालिका बैठकले मृतकहरु प्रति हार्दिक श्रद्धान्जली र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पत्यौं, तनहुँ
गण्डकी प्रदेश, नेपाल

होम बहादुर थापा
अध्यक्ष